बीमा समिति
BEEMA SAMITI
नेपालको बीमा नियमनकारी निकाय
Insurance Regulatory Authority of Nepal

बीमा समिति-२०४९
Insurance Board-1992

परिपत्र नं. २७

बी.स. १२२ (२०७६/०७७) च.नं. ५१८९

मिति: २०७७/०२/०९

**श्री ईजाजतपत्र प्राप्त सबै निर्जीवन बीमा कम्पनीहरु,**

विषय: **निर्देशन सम्बन्धमा ।**

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस (COVID-19) महामारीको संकटका कारण आम नागरिकमा पर्न जाने प्रभावलाई सामाजिक दायित्वका रुपमा ग्रहण गर्दै बीमा समिति र मुलुकमा स्थापित सबै निर्जीवन बीमा कम्पनी र नेपाल पुनर्बीमा कम्पनीको बीमा पुल मार्फत मिति २०७७ बैशाख ७ गते देखि रु १ लाख र रु ५० हजार गरी दुई वटा बीमाङ्क रकम कायम गरी कोरोना भाइरस (COVID-19) रोग बीमालेख जारी गरिएको छ। यस बीमालेख प्रति आम नेपाली नागरिकको सहभागिता उल्लेख्य रुपमा वृद्धि हुदै गएको छ। मिति २०७७ साल जेष्ठ ८ गते सम्मको १ महिनाको अवधिमा कुल १२ हजार ५ सय ७८ बीमालेख मार्फत १ लाख ५९ हजार ९ सय ३६ जना व्यक्तिहरु बीमाको दायरामा आइसकेका छन्। यसै अवधिमा ८ करोड ६१ लाख ४४ हजार बीमाशुल्क समेत संकलन भईसकेको छ।

हाल विदेशमा विभिन्न पेशा र व्यवसायमा संलग्न नेपालीहरु आफ्नो पेशा र व्यवसाय बन्द गर्नु परेकोले नेपाल फर्किने क्रम बढ्दै गएको छ । खुल्ला सीमानाका कारण विशेषगरी भारतबाट स्वदेश फर्किने नेपालीहरुको सीमा नाकामा अत्याधिक चाप पर्न थालेको छ । हालसम्म प्राप्त तथ्याङ्क अनुसार पनि स्वदेश फर्किने स्थितिमा समितिबाट कोरोना बीमालेख जारी गर्न दिएको निर्देशनको मूल मर्मलाई कायमै राखी यस बीमालेखका लागि विशेष खालको अण्डरराइटिङ्ग निर्देशन जारी गर्नुपर्ने आवश्यकता समेत देखिएको छ। अतः निम्न विषयहरुलाई समावेश गरी अण्डरराईटिङ्ग गर्न सबै निर्जीवन बीमा कम्पनीहरुलाई निर्देशन गरिएको छ :-

(क) कुनै पनि व्यक्ति भारत लगायत अन्य विदेशी मुलुकबाट नेपाल आई क्वारेन्टाइन्मा १५ दिन बसे पश्चात आफ्नो परिवारमा समावेश भएको १५ दिन पछि मात्र यो बीमालेख खरिद गर्न ग्राह्य हुने,

(ख) विदेशबाट नेपाल फर्केको नेपाली नागरीक र निजको परिवारले अनिवार्य Rapid Diagnostic Test (RDT) परीक्षण गराई सो को नेगेटिभ रिपोर्ट भएको प्रमाणपत्र पेश गर्नु पर्ने,

(ग) बुँदा नं १ बमोजिमको प्रमाणित सम्बन्धित स्थानिय तहले गरेको हुनु पर्ने,

(घ) Rapid Diagnostic Test (RDT) परिक्षणको रिपोर्ट नेपाल सरकार स्वास्थ्य मन्त्रालय अन्तर्गतका निकायहरुबाट प्रमाणित भएको हुनु पर्ने,

(ङ) उपरोक्त व्यहोराको अण्डरराईटिङ्ग कार्यका लागि संलग्न पुरक फारम सबै निर्जीवन बीमा कम्पनीहरुले आफ्नो वेभसाइटमा राख्नु पर्ने। साथै, उक्त फारम भरी स्वीकृत भएपछि मात्र बीमालेख जारी हुने गरी आफ्नो विद्युतीय बिक्री प्रकृयामा अनिवार्य रुपमा थप व्यवस्था गर्नुपर्ने ।

**(राजु रमण पौडेल)**
कार्यकारी निर्देशक

**बोधार्थ:**

श्रीमान् अध्यक्षज्यूको सचिवालय, बीमा समिति ।

# विदेशबाट नेपाल फर्की बीमालेख खरिद गर्न चाहने नागरिक र निजको परिवारको पुरक प्रस्ताव फारम

१. मुल प्रस्तावकको नाम :                    ठेगाना :

२. नेपाल फर्की आएको देश :                    नेपाल भित्रिएको मिति :

३. क्वारेन्टाइनमा बसेको मिति :

४. क्वारेन्टाइनबाट घर परिवारमा समावेश भएको मिति :

५. पारिवारिक विवरण :

| क.सं. | पारिवारका सदस्यहरुको पुरा नाम | उमेर | पेशा | कैफियत |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| ४. | | | | |

६. स्थानिय तहको क्वारेन्टाइनमा रहेको प्रमाणित पत्र भए/नभएको : ☐ भएको     ☐ नभएको

७. Rapid Diagnostic Test (*RDT*) Report भए/नभएको : ☐ भएको     ☐ नभएको

८. Rapid Diagnostic Test (*RDT*) Report प्रमाणित गर्ने कार्यालयको नाम :

९. उद्घोषण :

*मैले माथि भरेको विवरण साँचो हो, झुट्टा ठहरे यसैलाई प्रमाण मानी बीमा दाबी नतिरेमा मेरो मन्जुरी छ ।*

प्रस्तावकको पुरा नाम :

हस्ताक्षर :

मिति :